# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ५ साउन/भदौ, August 2011


नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हजुरआमाले आफूमाथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# बढ्दो मानव बेचविखन
# आफन्त नै दलाल भएपछि...

✍ कपिलदेव खनाल

**गाउँमा साना बच्चा र पुरुषहरूको बाहुल्य रहेको छ । ज्यादै थोरैको सङ्ख्यामा रहेका महिला ४० वर्षभन्दा माथिमा मात्र छन् । त्यसमा पनि केही महिला एचआईभी/एड्स सङ्क्रमित भएपछि वेश्यालयबाट फर्काइएका छन् जो मृत्युको समय कुरेर बसिरहेका छन् ।**

नुवाकोटको घ्याङफेदी-६ सिसिपुकी १८ वर्षीया सेलमेन्दो तामाङलाई उनकै काका जितबहादुर तामाङले बिक्रीको प्रयास गरे । असार १, ०६८ मा माइती गएकी सेलमेन्दोलाई काकाले घुमाउन लैजाने भन्दै गाउँबाट रसुवा पुऱ्याए । सानैमा बाआमाको मृत्यु भएपछि काकाले नै पालनपोषण गरेर सात महिनाअघि विवाह गरी पठाइएकी सेलमेन्दो माइत आएकी थिइन् । माइत गएको दुई दिनसम्म श्रीमती घर नफर्केपछि श्रीमान् आइतमान तामाङले खोजी गर्दा आफ्नी श्रीमती बिक्रीका लागि भगाइएको चाल पाए । सेलमेन्दोको खोजी गरिदिन उनले प्रहरी र विभिन्न सङ्घसंस्थासँग हारगुहार गर्ने क्रममा रसुवामा छोरी बिक्री गर्न हिँडेका जितबहादुर भेटिए । प्रहरीको हातबाट उम्किन सफल भएका उनी आजभोलि गाउँमै छन् भने सेलमेन्दोलाई शक्ति समूहले उद्धार गरेर घर फिर्ता गरेको छ । ‘काकाले बेच्न लगेको भन्ने थाहा पाएपछि माइती पनि टुङ्गियो,’ सेलमेन्दोले भनिन्, ‘गोसाइँकुण्ड जाऊँ भनेर चार दिनसम्म जङ्गलैजङ्गल हिँडाएर रसुवा पुऱ्याए । प्रहरीले फेलापारेपछि मात्रै आफू बेचिन लागेको थाहा पाएँ ।’

सेलमेन्दो तामाङमाथि भएको यो घटना एउटा पछिल्लो उदाहरण मात्र हो । नुवाकोटमा मानव बेचविखनका अनेक रूप छन् । आफन्तकै मिलेमतो र सक्रियतामा हुने महिला तथा बालिका बिक्रीले घ्याङफेदी गाविसमा भयावह रूप लिएको छ । यहाँका तीन हजारभन्दा बढी महिला र बालिका भारतका विभिन्न वेश्यालयमा बिक्री भइसकेका छन् । ‘केटी दलालले गाविस नै रित्तो बनाइसक्यो, कुन-कुन घरमा महिला छन् भनेर औंलामा नै गन्न सकिने अवस्था छ,’ सिसिपुका सीताराम तामाङले भने ।

०२२ सालमा पहिलोपटक भारतको वेश्यालयमा बिक्री भएकी सिसिपुकै एक महिलाबाट सुरु भएको यो अपराधले अहिले गाविसलाई महिलाविहीनताको अवस्थामा पुऱ्याएको छ । गाउँमा भएका युवती सकिएपछि पछिल्लो समयमा दश-बाह्र वर्षका बालिका गाउँबाट हराउने गरेका छन् । ‘गाउँबाट कुनै बालिका वा महिला हराए भने सीधै कोलकाता र मुम्बईका यौनकोठीमा खोज्न गए हुन्छ,’ स्थानीय शिक्षक कमल सिटौला भन्छन् । उनका अनुसार गाउँकै दलाल भनेर चिनिएकाले चेली बिक्री गर्ने गरेका छन् । विकासको नाममा गाउँ भित्रिएको सडकका कारण दलाललाई महिला बिक्रीमा सहजता मिलेको छ । गाउँबाट हिँडाएको एकै दिनमा

नेपालको सिमाना काटिसक्ने भएकोले प्रहरी र कानुनको आँखा छल्न सजिलो बनेको छ ।

गाउँका धेरै महिला वेश्यालयमा पुगिसकेको कारण घ्याङफेदीमा कल्पना नै गर्न नसकिने एउटा सामाजिक समस्या सिर्जना भएको छ । सयभन्दा बढी पुरुषले महिलाको अभावमा विवाह गर्न पाएका छैनन् । जसमा १६ वर्षदेखि ५२ वर्ष उमेर समूहका पुरुष छन् । 'गाउँका केटी दलालले ठूलो गाउँ (भारत) पुऱ्यायो, यो उमेरसम्ममा पनि विवाह गर्न पाइएन,' सिसिपुका ५२ वर्षीय सेलबोन तामाङले भने । उनले विवाह गर्ने रहर पालेको पनि ३० वर्ष नाघिसकेको छ । छिमेकी गाविसहरूमा विवाहका लागि कुरा चलाए तापनि विवाह गर्न केटी नै नपाएको उनको भनाइ छ । 'आफ्नै गाउँमा केटी भएको भए मेरो पनि विवाह हुन्थ्यो होला, घरजम्म बस्थ्यो होला,' उनले भने ।

सिसिपुका ३२ वर्षीय आइतमान तामाङसँग ०६७ मङ्सिरमा सेलमेन्दो तामाङको विवाह हुँदा गाउँभरि नै तरङ्ग छाएको थियो । त्यस गाउँमा आठ वर्षपछि भएको त्यो एक मात्र विवाहलाई गाउँमा निकै महत्वका साथ लिइएको थियो । स्थानीय सीताराम तामाङ र कुमार तामाङका अनुसार महिला नहुँदा विवाह गर्न नपाएका पुरुषको सङ्ख्या एउटै गाउँमा ६० भन्दा बढी छ ।

गाउँका महिला सकिएपछि दलालले बालिकालाई वेश्यालयमा बिक्रीका लागि गाउँबाट भगाउन थालेका छन् । घरमा केही दिनका लागि महिला मात्रै छाडियो भने बालबच्चासहित परिवार नै दलालले भगाउने गरेको घटना पनि गाउँमा छन् । 'तीन वर्षको बच्चा र श्रीमतीलाई घरमा छाडेर छिमेकी दावा र म गोसाइँकुण्ड गएका थियौँ, फर्कंदा दलालले बच्चासहित श्रीमती भगाए छ । चार वर्षदेखि मेरी श्रीमती कोलकाता १५ नम्बर गल्लीको कोठीमा छ,' घ्याङडाँडाका ४५ वर्षीय वीरबहादुर तामाङले भने । श्रीमतीलाई चिनजानकै व्यक्ति बोलुङ गाउँका प्रेमबहादुर तामाङ र छोपा भनिने काले तामाङले बिक्री गरेको उनको भनाइ छ । उनी श्रीमती फर्किएर आउने बाटो हेरिरहेका छन् । 'यो उमेरमा अर्को महिला पाइँदैन, केटाहरूले त विवाह गर्न पाएका छैनन्, म बूढाले कसरी विवाह गर्नसक्नु । बरु मेरी श्रीमती फिर्ता ल्याउन कसलाई भन्ने होला ?' वीरबहादुरले भने ।

गाउँमा साना बच्चा र पुरुषहरूको बाहुल्य रहेको छ । गाउँमा भेटिने ज्यादै थोरैको सङ्ख्यामा रहेका महिला ४० वर्षभन्दा माथिमा मात्र छन् । त्यसमा पनि केही महिला एचआईभी/एड्स सङ्क्रमित भएपछि वेश्यालयबाट फर्काइएका छन् जो मृत्युको समय कुरेर बसिरहेका छन् । शिक्षक कमल सिटौलाका अनुसार घ्याङफेदी गाविसबाट वेश्यालयमा पुगेका महिलामध्ये ६० जनाले आफैं वेश्यालय सञ्चालन गरेर बसेका छन् । ४० जनाभन्दा बढी महिला यता घरमा श्रीमान्लाई बच्चा हेर्न लगाएर उता यौन व्यापार गरिरहेका छन् । शिखरबेसीनिवासी एकीकृत माओवादीका जिल्ला नेता लालबहादुर तामाङ भन्छन्, 'यही अवस्था रहिरहने हो भने गाउँमा जनशक्ति अभाव प्रमुख चुनौती बन्नेछ ।'

घरको झ्यालमा बसेर हाँसेपछि बाटोबाट पैसा फाल्छन् र टिप्न पाइन्छ भनेर मुम्बई पुऱ्याइएकी राममाया (नाम परिवर्तन) अहिले गाउँ फिरेकी छिन् । उनी के गरियो के गरिएन अहिले जीवनलाई फर्किएर हेर्न चाहन्नन् । मानव बेचबिखन अदृश्य तर व्यापक बनेको छ । आफन्तहरू नै महिला बिक्रीमा प्रत्यक्ष संलग्न रहने कारणले प्रहरीमा यस्ता उजुरी ज्यादै कम

पर्छन् । प्रहरीका अनुसार नुवाकोटमा मानव बेचविखनमा संलग्न आठजना पक्राउ परिसकेका छन् भने ३० जना फरार अभियुक्तको खोजीकार्य भइरहेको छ ।

प्रभावित गाउँका सचेत नागरिक भने प्रहरी प्रशासनले यो समस्या रोक्नका लागि खासै चासो नदेखाएको आरोप लगाउँछन् । प्रहरीको गाउँमा हुने पातलो उपस्थिति र दलाललाई हुने राजनीतिक संरक्षणका कारण समस्या विकराल बन्दै गएको शिखरबेसीका बुद्धिजीवी कुमार पण्डितको ठम्याइ छ । उनी यो समस्या रोक्नका लागि सरकारले गाउँमै रोजगारीको अवसर सिर्जना गरिदिनुपर्ने बताउँछन् ।

प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष ०६७/६८ मा ४९ जना महिला हराएको उजुरी परेको छ । त्यसैगरी आव ०६६/६७ मा ४५ जना महिला हराएको उजुरी परेकोमा १३ जनाको उद्धार गरेर परिवारको जिम्मा लगाइएको छ । आव ०६५/६६ मा २८ जना हराएकामा १५ जना फेलापरेका थिए । 'हराउने र बिक्री हुनेमा १०/१२ वर्षका बालिका बढी रहेका छन्,' प्रहरी नायव उपरीक्षक बालकृष्ण थापाले भने, 'फेलापारेर आफन्तको जिम्मा लगाएकाहरू पनि फेरि हराएका र बिक्री भइसकेका छन् । आफन्त नै छोरीचेली बिक्रीमा कत्तिको सक्रिय छन् भन्ने कुरा यसबाट पनि थाहा हुन्छ ।'

गाउँमा मानव बिक्रीविरुद्ध आवाज उठाउनेलाई दलालले ज्यान लिनेसम्मको धम्की दिने गरेका छन् । शिखरबेसी गाविसका प्राथमिक विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद आचार्य मानव बिक्रीविरुद्ध लाग्दा आफूलाई खतरा भएको सुनाउँछन् । त्यसैगरी शिखरबेसी- ८ का शेरबहादुर तामाङ र सत्यमान तामाङसमेत दलालको सञ्जाल गाउँमा सुषुप्त तर डरलाग्दो रहेको बताउँछन् । उनीहरूविरुद्ध लाग्नेमाथि आक्रमण हुने गरेको उनीहरूको भनाइ छ । गएको महिना घ्याङफेदी-९ बोलुङका स्याङ्जा तामाङले १० वर्षकी आफ्नी छोरी हराएर गाउँमा खोजी गर्दा दलालको हातबाट मरणासन्न हुनेगरी कुटाइ खाएका थिए । उनलाई आफ्नी छोरी हराएको कतै खबर नगर्ने सर्तमा उपचार गर्नका लागि गाउँबाहिर जाने अनुमति दिइएको थियो । उनी अहिले आफ्नी छोरी बिक्री भएको विषयमा केही बोल्दैनन् ।

यो एउटा घटनालाई छाडेर महिला र बालिका बिक्रीका घटनालाई हेर्ने हो भने आफन्तकै प्रत्यक्ष संलग्नता बढी छ । आर्थिक प्रलोभनमा परेका एक दम्पतीले आफ्नै छोरी भारतीय यौनबजारमा बेचेका छन् । रालुकादेवी-२ चिलाउने गाउँकी १९ वर्षीया सीता तामाङ भारतको यौनकोठीबाट फर्किएपछि उक्त घटना सार्वजनिक भएको हो । तामाङलाई गाउँकै एक महिलाले भारतको कोठीमा पुर्‍याई यौन-व्यवसायमा लगाएकी थिइन् । भारतमा यौनकोठी खोलेकी चिलाउने गाउँकी मैया तामाङले सीतालाई तीन वर्षअघि घर-परिवारको अनुमतिमा लगेकी थिइन् । नेपाल आएपछि सीताले प्रहरीमा उजुरी दिएको आधारमा दलाल मैया तामाङ र बिक्रीका लागि सहयोग गर्ने आरोप लागेका चिलाउने प्राथमिक विद्यालयका प्रधानाध्यापक इन्द्र खतिवडा पक्राउ परेका छन् । आफ्नै शिक्षकले आफूलाई गाउँबाट सदरमुकामसम्म ल्याएका र त्यसपछि मैया तामाङले भारत लगेको सीताले बताएकी छिन् । मैयाले सीताको घर-परिवारसँग कुरा गरेर भारत लगेको बताउँदै आफूले भारतमा सीतालाई यौन-व्यवसायमा लगाएको स्वीकार गरेकी छिन् । त्यसका लागि सीताको बुबा साइला तामाङलाई बीस हजार नेपाली पैसा दिने सहमति भएको पनि उनले बताएकी छिन् । नेपाल

आउने एक चिनजानको व्यक्तिलाई भारतबाट सहमतिअनुसारको पैसा पठाएको भए तापनि परिवारले नपाएपछि आफ्नोविरुद्धमा प्रहरीमा उजुरी दिएको मैया तामाङको आरोप छ ।

मानव बेचविखनको विकराल समस्या भोगिरहेको घ्याङफेदी गाविसबाट यो रोग अब शिखरबेसीका वडाहरूमा समेत फैलिएको छ । वडा नं. ५, ६, ७, ८ र ९ मा महिला बेचविखन बढ्दो छ । ती वडाबाट पाँच सयभन्दा बढी महिला र बालिका बिक्री भइसकेका छन् । यस्तै छिमेकी गाविस गाउँखर्क, राउतबेसी, बेतिनी, रालुकादेवीमा समेत महिला र बालिका बिक्रीको अवस्था डरलाग्दो छ । यसका साथै भारतका वेश्यालयबाट फर्काइएका महिला अधिकांश एचआईभी/एड्स रोगको सिकार भएका छन् । गाउँ भित्रिएका ती महिलाका कारण घ्याङफेदी र शिखरबेसी गाविसमा एचआईभी/एड्सको महामारी फैलिएको छ । तीन वर्षको अवधिमा दुई गाविसमा ३० जनाभन्दा बढी एचआईभी/एड्स सङ्क्रमितको मृत्यु भइसकेको छ ।

*साभार : संचारिका फिचर सेवा*

*(कपिलदेव इमेज च्यानल टेलिभिजनका नुवाकोटस्थित संवाददाता तथा नुवाकोटबाट प्रकाशित हुने इमेज साप्ताहिकका सम्पादक हुन् ।)*

# सांस्कृतिक विभेदविरुद्ध जुट्दै युवतीहरू

**सदियौंदेखि विभेद सहादै आएका महिला सामाजिक एवम् राजनीतिक परिवर्तनसागै परिवर्तित जीवनशैली अपनाउदै छन् । पुरुषप्रधान समाजबाट भोग्दै आएका भिन्न व्यवहार, हिंसाजन्य क्रियाकलापको प्रतिकारमा महिला बिस्तारै उत्रन थालेका छन् । तुलनात्मक रूपमा महिलामाथि हुने हिंसाजन्य घटना विगतमा भन्दा बढी सार्वजनिक हुन थालेका छन् ।**

✍ **सरस्वती अधिकारी**

भव्य समारोह, खचाखच भीड र चौकोस घेरेर सिंगारिएका केराका थम्बाहरू । दृश्य मनमोहक र नियमितभन्दा फरक भएकाले मानिसहरू निकै चाख मानेर हेरिरहेका थिए । दृश्य हो- ०६८ जेठ २९ गते उत्तरी मकवानपुरको पालुङमा गरिएको महिलाको सामूहिक व्रतबन्ध कार्यक्रमको । पुरुषको भइदिएको भए निम्तालु मात्रै पुग्थे होलान्, महिलाको भएकाले निम्ताइएकाबाहेकको पनि बाक्लै उपस्थिति थियो । कपाल नखौरिए पनि पहेँलो कपडामा लस्करै उभिएका पाँच युवतीलाई देखेपछि भीडमा कानेखुसी गर्नेहरू पनि कम थिएनन् । जिज्ञासा राख्नेहरूलाई ती युवतीको एउटै जवाफ थियो, 'महिलामाथि गरिने सांस्कृतिक भेदभावविरुद्धको अभियान सुरु गरेका हौँ ।'

सामूहिक व्रतबन्ध गर्नेमा पालुङकी २७ वर्षीया तुलसा विष्ट, उनकी दिदी ३२ वर्षीया आशा, सोही ठाउँकी ४० वर्षीया सरला केसी र काठमाडौं चोभारका २३ वर्षीया सजना गोतामे र २२ वर्षीया सविना गोतामे रहेका छन् । पालुङ- ८ गैरीगाउँ, लप्सीचोक निवासी तुलसाले भनिन्, 'समाजमा अझै पनि छोरा र छोरीबीच सांस्कृतिक भेदभाव कायम छ, यसलाई हामी तोड्न चाहन्छौँ ।'

पालुङ, सदरमुकाम हेटौँडाबाट करिब ५५ किलोमिटर उत्तरमा पर्छ । पितृसत्तात्मक हाम्रो समाजमा जन्मदेखि नै छोरा र छोरीमा भेदभाव गरिन्छ । लालनपालनदेखि उनीहरूलाई दिइने संस्कार पनि फरक हुने गरेको छ । छोरीलाई गुन्यूचोली गर्ने परम्परागत चलन बिलाउँदै गए पनि छोराको व्रतबन्ध गर्ने परम्पराले निरन्तरता पाइरहेको छ । आमाबाबुको अन्त्येष्टि (दाहसंस्कार) देखि श्राद्धसम्मको कार्य छोराबाटै हुने गर्छ । विवाह भइसकेपछि पनि छोरा उही कुलको रहने तर छोरीको कुल परिवर्तन हुने प्रचलित परम्पराका कारण छोरीले बाबुआमाको किरिया बस्न नहुने, श्राद्ध गर्न नहुने र छोरीबाट कर्म नचल्ने मान्यता हाम्रो समाजमा रहिआएको छ । 'यही मान्यताका कारण छोराको लोभमा कैयौँ महिला हिंसामा पर्ने गरेका छन्,' ३२ वर्षीया आशाले भनिन् ।

सामूहिक व्रतबन्ध गरेका युवतीमध्ये सरला केसीका मात्र दाजुभाइ छन् । तुलसा, आशा, सजना र सविना बाबुआमाका छोराछोरी दुवै हुन् । 'मेरा दाजुभाइ छैनन्, तर मेरो कर्म र व्यवहारले आमाबुबालाई त्यसको कमी हुन दिएको छैन,' तुलसाले भनिन्, 'धार्मिक व्यवहारमा

हामी किन पछि पर्ने ? छोराछोरीबीच रहेको धार्मिक असमानतालाई अब तोड्नुपर्छ ।'

महिलाको व्रतबन्ध हेर्न भेला भएकामध्ये स्थानीय हरि बस्नेत पहिले त केटी भएर व्रतबन्ध गर्न लागेकोमा रिसाए तर पछि उनीहरूहरूको साहस देखेर विचार परिवर्तन गर्न बाध्य भए । छिमेकी मीना केसीले महिलाको व्रतबन्धबाट प्रभावित हुँदै आफ्नी १६ वर्षीया छोरीको पनि केही वर्षमै व्रतबन्ध गराएर छोरा र छोरीबीच विद्यमान विभेदको खाडल पुर्ने प्रतिबद्धता व्यक्त गरिन् । छोरीको व्रतबन्ध गराएका सरलाका बाबु सूर्यबहादुर केसी खुसी हुँदै भन्छन्, 'म मेरी छोरीप्रति गर्व गर्छु, छोरीले पनि छोरासरह गर्न सक्छन् भन्नेमा विश्वस्त छु, सबैतिर यस्तै जागरण ल्याउनुपर्छ, अनि मात्र महिला र पुरुष बराबर हुन्छन् ।' सरलाकी आमा विष्णु पनि छोरीहरूको व्रतबन्ध गराउन पाउँदा खुसी छिन् ।

'सुरुसुरुमा दुई/चारजनाले गालीसमेत गरे, तर गालीभन्दा प्रोत्साहन दिने धेरै भएपछि हाम्रो हौसला बढ्यो,' बुबा नारायण गोतामे र आमा लालुकी चार छोरीमध्ये जेठी छोरी सजनाले भनिन्, 'हाम्रो यो कदमबाट अरू नारीहरूले पनि धार्मिक परम्पराअनुसार छोरासरह भएर बाँच्ने अवसर पाऊन् ।' आफूलाई व्रतबन्ध गर्न परिवारको पूरा साथ र सहयोग पाएको सुनाउँदै उनले भनिन्, 'परम्पराका नाममा दबाइँदै आएका महिला आफैंले आफूविरुद्ध हुने विभेदको पर्खाल तोड्नुपर्छ ।' छोराहरूले मात्र उपनयन गर्नुपर्ने परम्परा तोड्ने दिदीको अठोटले नेपाली समाजका महिलाले भोग्दै आएको विभेद हट्ने विश्वासका साथ हिन्दू संस्कारअनुसार व्रतबन्ध गरेको २२ वर्षीया सविनाले बताइन् । सजना अहिले स्नातकोत्तर पहिलो वर्षमा समाजशास्त्र विषयमा अध्ययन गर्दै छिन् भने सविना स्नातक सकेर बसेकी छिन् ।

परिवारको स्वीकृतिमा गरिएको व्रतबन्धमा पाँचैजना युवतीका अभिभावक, आफन्तसहितका निम्तालु सहभागी भए । युवतीहरूको व्रतबन्ध गराएका पण्डित बद्रीप्रसाद ढकालले उनीहरूको व्रतबन्ध महिलामाथि हुने सांस्कृतिक एवम् धार्मिकसँगै सामाजिक विभेदविरुद्ध सशक्त कदम भएको बताए । यस्तैगरी अर्का पण्डित केदारप्रसाद विडारीले भने, 'अब उनीहरूको पनि शास्त्रीय मान्यताअनुसार छोरासरह कर्म चल्छ, गुरुआमाले मन्त्र पढेर सुनाएकाले ती युवतीले कपालचाहिँ मुन्डन गर्नुपरेन ।' व्रतबन्धका दिन कुशको जनै लगाइदिएकाले सधैं जनै लाउनु नपर्ने भए पनि खाना खाने बेलामा औसानी हाल्ने गरेको उनीहरू बताउँछन् । अर्का पण्डित शिवराज विडारी भन्छन्, 'महिलाले चूडाकर्म, काजकिरिया गर्न नमिल्ने कुरा कुनै शास्त्रमा लेखिएको छैन ।' महिलाहरू पुरुषसरह आफूलाई स्थापित गर्दै आफूमाथि हुने विभेदविरुद्ध उत्रिएकोमा महिला अधिकारकर्मीहरू पनि खुसी व्यक्त गर्दछन् । महिला अधिकारकर्मी विष्णु ओझा भन्छिन्, 'महिलाहरूको सामूहिक व्रतबन्धको खबरले आममहिलामाथि हुने विभेदविरुद्ध उत्रने जागरण ल्याउन सहयोग गर्नेछ ।'

सदियौंदेखि विभेद सहँदै आएका महिला सामाजिक एवम् राजनीतिक परिवर्तनसँगै परिवर्तित जीवनशैली अपनाउँदै छन् । पुरुषप्रधान समाजबाट भोग्दै आएका भिन्न व्यवहार, हिंसाजन्य क्रियाकलापको प्रतिकारमा महिला बिस्तारै उत्रन थालेका छन् । तुलनात्मक रूपमा महिलामाथि हुने हिंसाजन्य घटना विगतमा भन्दा बढी सार्वजनिक हुन थालेका छन् । यद्यपि यस्ता घटना नियन्त्रण भइसकेको अवस्था छैन । धर्मले उच्चस्थानमा राखे पनि व्यवहारले तल पारिएका महिलामाथि हुने सांस्कृतिक, परम्परागत विभेदविरुद्ध

किशोरीहरूको यस अभियानले बाबुआमाको काजकिरिया गर्ने र दाजुभाइसरह कर्तव्य पूरा गरी परिवार, समाजसँगै सिङ्गो राष्ट्रमै आफ्नो अधिकार स्थापित गर्न सबै नेपाली महिलालाई प्रेरणा प्रदान गरेको महिला अधिकारकर्मीहरूको विश्लेषण छ। उनीहरू यसबाट महिलामाथि हुने हिंसामा पनि कमी आउने विश्वास व्यक्त गर्छन्।

*साभार : संचारिका फिचर सेवा*

*(सरस्वती रेडियो थाहा सञ्चार हेटौँडासँग सम्बद्ध पत्रकार हुन्।)*

# नलेखिएको मृत्युको कथा

**लक्ष्मी र जानुकाको कथा झट्ट सुन्दा जोकोहीले यी दुई महिलालाई नै दोष दिन सक्छन् तर ती व्यक्तिहरू जसले घरमा श्रीमती र छोराछोरी हुँदाहुँदै सम्बन्ध बढाए, घर भित्र्याए र अलपत्र मात्र पारेनन् आत्महत्याको बाटो रोज्न बाध्य पारे तिनको बारेमा समाज र कानुन दुवै मौन छन् ।**

✍ **ध्रुव लम्साल**

धादिङको मुरलीभञ्ज्याङ गाविसस्थित चण्डेश्वरी उमाविमा कक्षा ३ मा अध्ययनरत ११ वर्षकी पूजा खनाल पढाइमा कमजोर छिन् । विद्यालयमा प्रायः पछाडिको बेन्चमा बस्ने गरेकी पूजा हरेक वर्ष जसोतसो पास मात्रै हुन्छिन् । उनकी सात वर्षकी बहिनी पुजनाको पनि अवस्था त्यस्तै छ । 'हामी त राम्रै होस् भनेर मिहिनेत गरेर पढाउँछौँ तर, यी दिदीबहिनीको पढाइ त्यति राम्रो छैन,' विद्यालयका शिक्षक ऋषि लम्सालले भने ।

डेढ वर्षअगाडि आमा लक्ष्मीले झुन्डिएर आत्महत्या गरेपछि यी दिदी-बहिनी टुहुरा मात्र भएनन्, पढाइसमेत खल्बलियो । अभिभावकको मायाबाट पनि वञ्चित रहे ।

मुरलीभञ्ज्याङ- ७ निगालपानी चन्दनथोककी बालिका पूजा र पुजनाको भविष्यका विषयमा चिन्ता गर्नेहरू धेरै छन् । उनीहरूको भविष्यको विषयमा चिन्ता गरिए पनि उनीहरूलाई सान्त्वना दिने र माया गर्ने अभिभावकको कमी देखिन्छ । यी बालिकालाई टुहुरा हुन बाध्य बनाउनेमा उनका बाबु भुवन (लक्ष्मीका श्रीमान्) खनालको पनि उत्तिकै हात छ भन्नेहरू धेरै छन् ।

तीन वर्षअघिसम्म यो परिवार सुखी थियो । भुवन र लक्ष्मी (पुजना र पूजाका बाबुआमा)को सम्बन्ध मित्रवत् थियो । सहमतिमै दुई छोरी जन्मेकामा बाबुआमा दुवै खुसी थिए । हजुरबा-हजुरआमालाई पनि नरमाइलो थिएन । हजुरआमा देवी खनाल भन्थिन्, 'घरमा लक्ष्मी आएका छन् रमाइलो छ ।' सबले आ-आफ्नो काम गर्थे, सबै कुरा सरसल्लाहमा चल्थ्यो, नानीहरूको स्कुल जाने बेला भएको थिएन ।

चार वर्षअघि भुवनले लक्ष्मीसँग भने, 'म विदेश गएर पैसा कमाएर आउँछु ।' पैसा कमाएर छोरीहरूलाई राम्रो स्कुल पढाउने परिवारको योजनाअनुरूप नै भुवन खाडीराष्ट्र उडे कामका लागि ।

बिहान-बेलुका घरको काम, दिउँसो अर्मपर्म । लक्ष्मीको दैनिकी पनि निरस थिएन । सासू-ससुराको माया त पाएकी थिइन् नै हुर्कंदा छोरीहरूले उनको जीवनमा खुसी ल्याउन भूमिका खेलेको थियो । भुवनले विदेशबाट बेलाबेलामा फोन गर्थे, चिठी आदान-प्रदान त भइरहन्थ्यो ।

भुवनको कमाइ राम्रै थियो। कम्पनीमा राम्रैसँग काम गर्दै थिए। एक्कासि गाउँबाट कसैले जानकारी दियो, 'मिलसाहु भरत दुवाडीसँग तेरी स्वास्नीको सम्बन्ध छ।'

भुवन घर आइपुग्दा लक्ष्मीको गाउँमा भरतसँग सम्बन्ध बढेको हल्ला चलिसकेको थियो। वास्तविकता के थियो खोजी गर्नेमा भुवन लागेनन्, गाउँलेको त झन् के कुरा जसले पहिल्यै हल्ला गरिसकेका थिए।

गाउँका केही व्यक्ति बसेर गरेको छलफलमा लक्ष्मी र भरतले आफूहरूबीच सम्बन्ध भएको स्वीकारे, तर घरमा भित्र्याउन भरत राजी भएनन्। गाउँलेले जबर्जस्ती लक्ष्मीलाई भरतको घरमा भित्र्याइदिए। तीन सन्तानका पिता भइसकेका भरतका लागि लक्ष्मी कुनै बेला रमाइलो गर्ने साथी भए पनि कालान्तरमा घाँडो हुन पुगेकी थिइन्। कल्कलाउँदा छोरी छोडेर लक्ष्मीलाई पनि अर्काको घरमा भित्रिन मन त थिएन तर लोग्ने र गाउँलेको जबर्जस्तीका अगाडि उनको पनि केही लागेन। भरतकै घरमा बस्न थालिन् जहाँ उनको हैसियत काम गर्नेको भन्दा बढी थिएन।

छोरी पुजनालाई अहिले पनि याद आउँछ आमाको। आँखा टिलपिल पार्दै भन्छिन्, 'आमालाई घरबाट निकालेपछि हामीलाई स्कुलमा भेट्न आउनुहुथ्यो र माया गरेर चकलेट दिनुहुन्थ्यो। मैले चकलेट दिएको कुरा अरूलाई नभन है भन्नुहुन्थ्यो।' पुजनाले लक्ष्मीलाई भेटेको थाहा पाउनेबित्तिकै भुवन छोरीहरूमाथि जाइलाग्थे। आमाले दिएको चकलेट खाएको थाहा पाएमा बाबुले कुट्ने डरले पूजा र पुजनाले भन्दैनथे। तर, बेलाबेलामा भेटिरहन्थे।

भरतको घरमा जबर्जस्ती भित्रिएपछि लोग्नेको माया 'आकाशको फल आँखातरी मर' बनिसकेको लक्ष्मीका लागि परिवारका अरू सदस्यले समेत दिने गरेको गाली र यातनाले बाँच्ने चाहना क्रमशः मर्दै गयो। डेढ वर्ष अगाडि घरनजिकै खर्सेताको रूखमा डोरीको पासो लगाएर लक्ष्मीले प्राण त्याग गरिन्। जिल्ला प्रहरी कार्यालय धादिङमा लक्ष्मीले झुन्डिएर आत्महत्या गरेको रेकर्ड छ।

धादिङकै साँखु गाविसकी अर्की महिला जानुका नेपालले पनि एक वर्षअघि भदौ १५ गते थोपलखोलामा हामफालेर आत्महत्या गरेकी थिइन्। महिलाहरू कुन हदसम्म पीडित छन् भनेर बुझ्नका लागि यिनै महिलाको मृत्युको प्रकृति हेरे पुग्छ, अन्त जानुपर्दैन।

साँखु माइती भएकी जानुकाले परिवारको सहमतिमा निगालपानीका सुदीप लम्सालसँग बिहे गरिन्। बिहेपछि उनको जीवन खुसी नै थियो। श्रीमान् सुदीप अध्ययन र रोजगारको सिलसिलामा काठमाडौंमा बस्थे भने जानुका कलेज पढ्दै स्कुल पढाउँथिन्। स्कुल पढाउने क्रममा सहकर्मी शिक्षक अमृत गुरुङसँग उनको हिमचिम बढ्यो। केही समय सहकर्मी बनेका अमृत र जानुका अन्ततः श्रीमान्-श्रीमती बने। बिहेअघि जति माया गर्थ्यो त्योभन्दा धेरै माया पाउने अपेक्षा गरेकी थिइन् जानुकाले, तर भयो उल्टो।

रङ्गीन सपना देखेर नयाँ जीवन जिउने सपना बुनेकी जानुका त्यतिबेला खङ्ग्रङ्ग भइन्, अमृतले आफूसँग दोस्रो बिहे गरेको थाहा पाइन्। जे हुनु भइसक्यो। गल्ती अमृतले गरे पनि माया गर्ने वचन दियो र जानुकालाई आफ्नै घर लिएर गयो। घर जाँदा जानुका दुईजीउकी भइसकेकी थिइन्।

घरमा बस्न थालेपछि मात्रै थाहा पाइन्, अमृतले पहिला गरेका सबै वाचा झुटा रहेछन्। पेटमा बच्चा भएको बेला महिलाले जुन खालको माया पाउनुपर्थ्यो त्यसको ठ्याक्कै उल्टो थियो जानुकाको दैनिकी। सुरुसुरुमा सासू र सौताले आफूमाथि गरेको दुर्व्यवहार सुनाउँदा अमृत सुनेको नसुन्यै गर्थ्यो भने पछि जानुकामाथि नै झर्कोफर्को गर्न थालेको थियो।

घरमा कहालीलाग्दो वातावरणको सामना गरेकी जानुकाले माइतीबाट पनि सहानुभूति पाइनन्। दुईजीउकी जानुकाले छोरा जन्माइन् घरमै। तीन दिन सुत्केरी व्यथाले च्याप्दा पनि तीन किलोमिटर पर रहेको जिल्ला अस्पताल धादिङ लाने जाँगर कसैले लगाएन। सुरुमा आमाछोरा दुवैको स्वास्थ्यस्थिति ठिकै थियो। तर, दिन प्रतिदिन स्थिति नाजुक हुँदै गयो। सुत्केरीमा राम्रो स्याहार नपाएकै कारण जानुकाको दूध आउँदैन थियो भने शिशु च्याहाँ-च्याहाँ रोइरहन्थ्यो।

खाना पटक्कै रुच्दैनथ्यो। तल्लो पेट दुखिरहन्थ्यो। छिमेकी देउरानीसँग जानुकाले गुनासो गरेकी थिइन् तर, घरकै मान्छेले वास्ता नगरेपछि उनले पनि सान्त्वनाबाहेक केही दिन सकिनन्। अमृतसँग गुनासो गर्दा जहिले पनि भोलिभोलि भनेर टारे। अपहेलनाले जानुकालाई मानसिक पीडासमेत थपियो।

०६७ भदौको १५ गते बिहान गाउँभरि हल्ला चल्यो। थोपलकिनारमा जानुकाको लास छ। गाउँकै कसैले जिल्ला प्रहरी कार्यालय धादिङमा खबर गरिसकेको थियो। प्रहरी पनि पुग्यो र आत्महत्या भनेर मुचुल्का तयार भयो, त्यही दिन जानुकाको दाहसंस्कार भयो। छिमेकीले दिएको जानकारीअनुसार जानुकाले बिहान चार बजे थोपलको डिलबाट हामफालेर आत्महत्या गरेकी थिइन्।

यी दुवै घटनाको विषयमा जिल्ला प्रहरी कार्यालय धादिङमा कसैले हत्या भनेर उजुरी गरेको छैन। प्रहरीको दस्तावेजमा दुवै घटनालाई स्वाभाविक मृत्यु भनेर उल्लेख गरिएको छ। महिला हिंसाविरुद्ध धादिङ जिल्लामा सक्रिय महिला मानवअधिकार रक्षा सञ्जालकी अम्बिका रूपाखेती कतिपय घटना गुपचुप हराउने स्वीकार गर्छिन्। 'कसैले उजुरी नगरेसम्म हामी आफैंले घटनाबारे अनुसन्धान गर्न मिल्दैन,' उनले भनिन्।

लक्ष्मी र जानुकाको कथा झट्ट सुन्दा जोकोहीले यी दुई महिलालाई नै दोष दिन सक्छन् तर ती व्यक्तिहरू जसले घरमा श्रीमती र छोराछोरी हुँदाहुँदै सम्बन्ध बढाए, घर भित्र्याए र अलपत्र मात्र पारेनन् आत्महत्याको बाटो रोज्न बाध्य पारे तिनको बारेमा समाज र कानुन दुवै मौन छन्।

धादिङमा महिला हिंसाका घटना वर्षेपिच्छे बढ्दो छ। ०६६ देखि ०६७ सम्म महिला हिंसाका ६२ घटना सार्वजनिक भएका थिए भने ०६७ साउनदेखि माघसम्म ३८ वटा घटना भएका छन्। तीमध्ये तीनवटा मृत्युका घटना छन्।

*साभार : संचारिका फिचर सेवा*

*(ध्रुव राजधानी दैनिकसँग सम्बद्ध पत्रकार हुन्।)*

# विस्थापित हुँदै छन् नेतृहरु

**'पहिला पार्टीलाई नै सहारा ठानी जीवनका महत्वपूर्ण समय गुजार्‍यौ, आखिर आफ्ना लागि आफैंले गर्नुपर्ने रहेछ, अहिले विगतलाई सम्झिदा त्यसै समय बर्बाद गरियो जस्तो लाग्छ,' उनीहरू भन्छन् । पार्टीलाई चाहिदा आफूले ज्यान नै जोखिममा राखेर काम गरे पनि आफूलाई चाहिदा पार्टी आफ्नो हुन नसकेको उनीहरूको अनुभव छ ।**

**✍ सुरेन्द्र सुवेदी**

मुलुकमा गणतन्त्र स्थापना, समतामूलक समाजको सिर्जना र अग्रगामी परिवर्तनको लक्ष्य लिएर लामो समय नेकपा माओवादीको जिम्मेवारी बहन गरेकी नेतृ विमला न्यौपाने (विजेता) जिल्लाबाट पलायन भएकी छिन् । नेकपा (एकीकृत माओवादी) को संखुवासभा जिल्ला कमिटी सदस्य भएर जिम्मेवारी वहन गरेकी उनी अहिले राजधानीको केन्द्र भृकुटीमण्डपमा नाङ्लो पसलमा फलफूल बिक्री गर्छिन् । पार्टीको इमानदार कार्यकर्ताको रूपमा चिनिएकी विजेता एकाएक पार्टीको जिम्मेवारी छोडेर खुद्रा व्यापारतर्फ होमिएकी हुन् । यसले राजनीतिमा लागेका महिलामा गुजाराको समस्या सङ्केत गर्छ । उनीसँगै युद्धमा हिंडेका पुरुष 'कमरेड'हरु जीवन धान्नकै लागि त्यसरी सङ्घर्ष गर्नुपर्ने अवस्थामा छैनन् ।

संखुवासभाको स्यावुन- १ स्थायी घर भएकी विजेता (२७) माओवादी जनयुद्ध चरम सीमामा पुगेको समयमा स्यावुन, जलजला र वाना गाविसको नेतृत्व गर्थिन् । बिहान उठेदेखि दिनभर पार्टी सङ्गठन विस्तार र स्थानीय समस्या समाधानमा समय खर्चने उनी पार्टीमा जे-जस्तो योगदान गरे पनि आफूलाई गुजारा टार्न गाह्रो भएपछि जिल्ला छोड्दै राजधानी पसेकी हुन् । राजधानीको भृकुटीमण्डपमा नाङ्लो पसल भनिने फलफूलको स्टल राखेबापत समाज कल्याण परिषद्लाई उनी मासिक हजार रुपैयाँ भाडा तिर्छिन् ।

छिमेकी वाना गाविस- २ कि तारा थापा (३५) विजेताकी साझेदार साथी हुन् । थापा पनि नेकपा एमाओवादीकी जिल्ला कमिटी सदस्य हुन् । उनी पनि दिगो आयआर्जन र गुजाराका लागि पार्टीको जिम्मेवारी छोडेर राजधानी पसिन् । विवाहित ताराको माइती भोजपुर, देउराली- ९ फालिकोट हो, वाना- २ का गणेश थापासँग विवाह भएको थियो । पति, सासू र परिवारका अन्य सदस्यले घरनिकाला गरेपछि उनी माओवादीमा प्रवेश गरेकी थिइन् । ताराकी १५ वर्षीया छोरी साथमै छिन् । उनी राजधानीकै सरकारी विद्यालयमा पढ्छिन् ।

विजेताको संखुवासभाकै धुपु- ६ का रमेश भट्टराईसँग ०५७ मा विवाह भयो । विवाहपछि रमेश विदेशिए । विदेशिएका पतिले आफूहरू सँगसँगै रहन नसक्ने भन्दै खबर पठाएपछि विजेताले विकल्प खोजिन् । बेरोजगार आफूलाई पतिले बेवास्ता गरेपछि उनी एमाओवादी पार्टीमा संलग्न भएकी थिइन् । अहिले विजेता दैनिक बिहान फलफूल तथा तरकारी बजार कालिमाटी पुग्छिन् । त्यहाँ काँक्रो, मेवा, स्याउ, केरा, भुइँकटहर, खरबुजा खरिद गर्दै ट्याक्सीमा

लिएर भृकुटीमण्डप आउँछिन् । ९ बजे भृकुटीमण्डप आएपछि पसलमा सामान मिलाउँदै बिक्री सुरु गर्छिन् । दैनिक पाँच हजार रुपैयाँसम्मका सामान बिक्री गर्ने गरेको विजेताले बताइन् ।

तारा भने १० बजे खाना खाएर भृकुटीमण्डप पुग्छिन् र विजेतालाई खाना खान पालो दिन्छिन् । उनीहरू दिनभर भृकुटीमण्डपमा फलफूल बिक्री गरेर साँझ ६ बजेतिर कोठा फर्कन्छन् । यही क्रमले उनीहरूले दैनिक एक हजार रुपैयाँको हाराहारीमा नगद बचत गर्दै आएका छन् ।

संखुवासभामा एमाओवादीका ८२ जना पूर्णकालीन कार्यकर्ता छन् । ती कार्यकर्तालाई मासिक दुई लाख ५० हजार रुपैयाँ खानपिनमा खर्च हुन्छ । खर्चको आधारमा आयस्रोत नभएपछि करिब ६० लाख रुपैयाँ ऋण लागेको एमाओवादीले जनाएको छ । पार्टीमा लागिरहँदा भविष्यमा के गर्ने ? आयस्रोत के हुने ? जस्ता प्रश्नले पिरोल्न थालेपछि एकीकृत माओवादीका नेतादेखि कार्यकर्तासम्म धमाधम पलायन भइरहेका छन् । विजेता र ताराजस्तै दुई दर्जनभन्दा बढी महिला राजनीतिकर्मी पलायन भइसकेका छन् । विजेता र ताराका अनुसार कुरै नबुझी तथा हललहैमा लागेर माओवादी बनेका महिला छापामारदेखि नेतासम्म कोही विवाह गरेर घरजम गर्ने त कोही रोजगारीतर्फ लागेका छन् । पार्टीमा रहँदा खान, लाउन र बस्नमा सीमित भएका उनीहरू विकल्पमा सानातिना पसल गरेर आफैं मालिक भएका छन् ।

संखुवासभाकै प्रेरणा र दीपिका लगायतका सक्रिय भनेर चिनिएका माओवादी नेतृहरुले विवाह गरिसकेका छन् । पार्टीमा रहेर दिगो भविष्य नदेखेपछि उनीहरू विकल्पमा घरजम, पसल गर्नेदेखि रोजगारीका लागि विदेशसम्म पुगेका छन् । एमाओवादी संखुवासभाको एक सय ४३ सदस्यीय जिल्ला कमिटीमा १२ जना विस्थापित भइसकेका छन् । विस्थापनको मुख्य कारण पार्टीमा असुरक्षित भविष्य नै हो । 'जति काम गरे पनि मूल्याङ्कन नै भएन,' उनीहरूको भनाइ छ । कुनै बेलाका जल्दाबल्दा पार्टी नेतृहरूमा अहिले वैदेशिक रोजगारीप्रतिको आकर्षण पनि बढेको छ, लडाकु तथा पूर्वलडाकुहरूमा पनि यो लहर त्यत्तिकै छ । २७ वटा शिविरमा रहेका लडाकुमध्ये इलामको चुलाचुली र मोरङको दानाबारीबाट अधिक सङ्ख्यामा विदेश गइरहेका छन् ।

युवाहरूलाई क्याम्पभित्र राखिरहने राजनीतिले काम गरेका र जनसेनालाई भुलाउनमात्र प्रयास भएकोले आफू वैदेशिक रोजगारीका लागि विदेश हानिएको प्लाटुन सहायक कमान्डर पासाङ शेर्पाले बताइन् । शेर्पा भन्छिन्, 'क्यान्टोनमेन्टमा रहेका जनसेनाको मनोबल गिर्दो छ, छोटो समयमा समायोजन नभए बाँकी भाग्दै घर र विदेश पुग्न सक्छन् ।' जलजला गाविसकै सन्तोष तामाङ क्यान्टोनमेन्टमै विवाह गरेर घर फर्किएका छन् । दानाबारी शिविरमै रहेकी महिला छापामारसित विवाह गरेर उनी घर फर्किएका हुन् । घरजम गर्न ढिलो भएको र क्याम्पमा बसेर के नै प्रगति हुन्छ ? भन्दै आफूहरू विवाह गरेर घर फर्केको उनीहरूको भनाइ छ ।

घर फर्किएका र विदेश हानिएका माओवादी लडाकुहरूका अनुसार अन्तिम प्रमाणीकरणमा योग्य ठानिएका करिब १९ हजार लडाकुमध्ये २५ प्रतिशत शिविर छोडेर हिँडिसकेका छन् । २१ स्थायी र सात अस्थायी शिविरमध्ये प्रायः अधिकांशबाट लडाकुहरू पलायन हुनेक्रम बढेको शिविर छोडेर घर फर्केकाहरूको भनाइ छ । पलायन भएकामध्ये झन्डै दुई हजार महिला छापामार रहेका छन् ।

पार्टीमा कामकै दौरान पुरुष छापामारसँग प्रेम गर्दै विवाह गरेका महिला छापामार तथा अन्य नेतृहरू पछिल्लो समय समस्यामा छन्। बच्चा जन्मेपछि हेरचाह गर्न, पार्टी काममा हिँड्दा बच्चालाई साथै लानुपर्दा दूध, जाउलोलगायतका पोषिला खानेकुरा खुवाउन आर्थिक समस्याले उनीहरू पिरोलिन थालेका छन्। जसको कारण महिला कार्यकर्ता तथा अन्य छापामार पार्टी त्याग्दै घरमै बस्न थालेको पाइन्छ। राजनीतिक निकासमा यसैगरी ढिलाइ भइरहेमा गाउँ तहसम्म रहेका माओवादीका महिला नेता तथा कार्यकर्ता थप पलायन हुने पूर्वनेतृ ताराको भनाइ छ।

मुलुक परिवर्तनको सपना बोकेर युवा अवस्थामै पार्टीमा लागेका महिला अहिले उमेर ढल्किसक्दा पनि मुलुक त के गाउँमा समेत कुनै परिवर्तन आउन नसकेपछि अलमलमा परेका छन्। ‘पहिला पार्टीलाई नै सहारा ठानी जीवनका महत्वपूर्ण समय गुजार्‍यौँ, आखिर अन्त्यमा आफ्ना लागि आफैँले गर्नुपर्ने रहेछ, अहिले विगतलाई सम्झिँदा त्यसै समय बर्बाद गरियो जस्तो लाग्छ,’ उनीहरू भन्छन्। पार्टीलाई चाहिँदा आफूले ज्यान नै जोखिममा राखेर काम गरे पनि आफूलाई चाहिँदा पार्टी आफ्नो हुन नसकेको उनीहरूको अनुभव छ।

*साभार : संचारिका फिचर सेवा*

*(सुरेन्द्र संखुवासभास्थित पत्रकार हुन्।)*

# नजन्मदै सुरु हुने महिला हिंसाको कथा

**गर्भमा रहेको शिशुको लिङ्ग पहिचान गर्ने विधि हालसम्ममा १६ करोड गर्भस्थ महिलाले धर्ती देख्न नपाउनुको कारण बनेको छ । पछिल्लो दुई दशकमा मात्रै संसारमा ६ करोड स्त्री भ्रूणहत्या भएको उनको अनुमान छ, जसले नजन्मदै सुरु हुने महिला हिंसाको पाटोलाई छर्लङ्ग पार्छ ।**

**✍ नवराज अधिकारी**

'युथ कि आवाज' नामको भारतीय वेबसाइटमा विनिता चावलाले पोस्ट गरेको आलेखको एउटा पङ्क्तिमा लेखिएको छ, 'भारतमा महिलाको सङ्ख्या निरन्तर घट्दै छ, स्त्री भ्रूणहत्या रोक्न कुनै कदम चालिएन भने त्यस्तो समय आउन सक्छ जतिबेला यहाँ महिला नै हुने छैनन् ।' सोही आलेखको अर्को पङ्क्तिमा भारतको धनी राज्य हरियाणामा १५ देखि ४५ वर्ष उमेर समूहका ३६ प्रतिशत पुरुष अविवाहित रहेको जानकारी छ ।

भ्रूणहत्याविरोधी अभियानका एकजना सदस्य डा. पुनीत वेदी पछिल्लो २० वर्षमा गर्भमै वा जन्मेर एक वर्ष नपुग्दै मारिएका महिला शिशुका कारण भारतीय समाजको रूप नै बदलिइसकेको बताउँछिन् । गर्भस्थ शिशुको लिङ्ग पहिचानपछि गरिने गर्भपतनले भारतमा एक करोड महिलाको सङ्ख्या घटाएको उनको दाबी छ । 'हामीले यसको मूल्य चुकाउनुपर्छ,' चेतावनीको भाषामा वेदी भन्छिन्, 'महिला भएनन् भने त्यहाँ श्रीमती, आमा कोही हुने छैनन् र भविष्य पनि हुने छैन ।'

दाइजोको कुसंस्कारले नराम्ररी जरा गाडेको तथा ३७ प्रतिशत जनता गरिबीको रेखमुनि रहेको भारतीय समाजमा छोरीको बिहे आमनागरिकका लागि सबभन्दा महङ्गो रीति हो । छोरीको पालनपोषण र हैसियतले धान्नेभन्दा बढी रकम खर्च गरेर बिहे गरिदिनुपर्ने बाध्यताबाट बच्ने प्रयासमा त्यहाँ स्त्री भ्रूणहत्याले जरो गाडेको छ । तर, अनियन्त्रित बन्दै गएको गर्भस्थ शिशुको लिङ्ग पहिचान गर्ने चिकित्सकीय विधिले लैङ्गिक अनुपात (चाइल्ड सेक्स रेसियो) पछिल्लो दशकमा डरलाग्दो गरी घटाएको छ । परिणामस्वरूप भारतका तीन करोड पुरुष विपरीतलिङ्गीसँग बिहे गर्ने अवसरबाट वञ्चित हुने सम्भावना बलियो बन्दै छ ।

भारतीय जनगणना २०११ को अस्थायी तथ्याङ्कअनुसार सन् २००१ देखि २०११ को बीचमा ग्रामीण भारतको बाल लैङ्गिक अनुपात १५ बिन्दुले घटेको छ । सहरमा भने यस्तो गिरावटको बिन्दु चार मात्रै छ । जनगणनाको प्रारम्भिक परिणामलाई उद्धृत गरिएको एक रिपोर्टअनुसार अहिले भारतमा प्रतिहजार पुरुषमा महिलाको अनुपात नौ सय १४ मात्रै छ । यो भनेको एक हजार भारतीयमध्ये नौ सय १४ जनाले मात्रै विपरीतलिङ्गी जीवनसाथी पाउने अवस्था हो । कुल जनसङ्ख्या एक अर्ब २१ करोड रहेको भारतमा ६२ करोड ३७ लाख पुरुष छन् । महिलाको सङ्ख्या ५८ करोड ६४ लाख ७४ मात्रै छ । अर्थात् त्यहाँ पुरुषको तुलनामा महिलाको सङ्ख्या ३ करोड ७२ लाखले घटी छ ।

भारतमा सन् १९७१ मा तीव्र गतिको जनसङ्ख्या वृद्धि नियन्त्रण गर्न

मान्यता दिइएको गर्भपतन पछिल्लो दशकमा ठूलै समस्याको रूपमा खडा भयो। चावलाले चिन्ता प्रकट गरेको त्यही गर्भपतन हो जसले सन् १९९१ मा प्रतिहजार पुरुषमा नौ सय ४५ रहेको महिला अनुपातलाई २०११ मा आइपुग्दा नौ सय १४ मा झारेर यहाँका नीति-निर्मातालाई नै झस्काइदिएको छ र सरकारलाई सर्वसाधारणमा छोरी जन्माउने र हुर्काउने प्रेरणा जगाउन विभिन्न किसिमका कार्यक्रम अघि सार्न बाध्य पारेको छ।

बेलायती मेडिकल जर्नल लान्सेटका अनुसार भारतमा प्रत्येक वर्ष पाँच लाखसम्म गर्भस्थ स्त्री भ्रुण तुहाइन्छ। पछिल्लो दुई दशकमा त्यहाँका झन्डै एक करोड छोरीले धर्ती देख्नै नपाई मृत्युवरण गरे। फलस्वरूप कुनै समय दाइजो नपाई बिहे नगर्ने भारतीय पुरुष अहिले विवाह गर्ने कन्या नपाएर बिहार, असमजस्ता गरिब राज्य र नेपाल, भुटानजस्ता छिमेकी देशबाट पैसा तिरेर श्रीमती किन्न बाध्य छन्।

आर्थिक क्षेत्रमा तीव्र गतिको प्रगति हासिल गरिरहेको भारतमा भ्रुणहत्या मात्रै होइन सन् १७८९ मा राजस्थानबाट सुरु भएको नवजात छोरी मार्ने अमानवीय तथा कहालीलाग्दो प्रचलन पनि कायमै रहेको चावलाले लेखेकी छिन्। आलेखको एउटा पङ्क्तिमा उनी भन्छिन्, 'कोचीमा त नवजात छोरी नमारेको घर हामीले जम्मा पाँचवटा मात्र भेट्यौं।'

**सीमापारिसम्म दुष्प्रभाव**

भारतमा बढ्दो स्त्री भ्रुण र नवजात शिशु हत्याको दुष्प्रभाव भारतीय भूमिमा मात्रै सीमित छैन, भौगोलिक सिमाना नाघेर नेपाल र भुटानजस्ता खुल्ला सिमाना जोडिएको छिमेकीसम्म फैलिएको छ।

अन्तर्राष्ट्रिय मापदण्ड (प्रतिहजार पुरुषमा नौ सय ५२ महिला) भन्दा निकै तलको लैङ्गिक अनुपात भएको भारतमा विवाह गर्ने उमेरका पुरुषलाई दुलही पाउन निकै गाह्रो छ। विश्लेषकहरूको भनाइमा भारतमा यौनकर्मी महिलाको माग बढ्नुमा पनि लैङ्गिक असन्तुलनकै हात छ। नेपालका हजारौँ चेली वर्षेनी भारतीय वेश्यालयमा बेचिने गरेका छन्।

'गर्भस्थ शिशुको लिङ्ग पहिचानपछि गरिने गर्भपातले भारतमा महिलाको सङ्ख्या घटाउँदा त्यहाँका पुरुषले श्रीमती नपाउने वातावरण बन्यो र भारतीय बजारमा यौनकर्मीको माग बढ्यो,' अमेरिकी समाचार संस्था एपीले १४ जुलाईको एउटा समाचारमा नाम नखुलाईकन संयुक्त राज्य अमेरिकाको लोयोला स्कुल अफ लका दुईजना प्राध्यापकको भनाइ उद्धृत गरेको छ।

हलिउड स्टार डेमी मुरको 'नेपाल्स स्टोलेन चिल्ड्रेन' नामको डकुमेन्ट्रीमा नेपाललाई भारतीय वेश्यालयमा हुने यौनकर्मीको माग पूर्ति गर्ने थलोको रूपमा चित्रित गरिएको छ। अमेरिकी टेलिभिजन च्यानल सीएनएनबाट हालसालै प्रसारित डकुमेन्ट्रीअनुसार नेपाल, भुटानजस्ता गरिब छिमेकबाट बेचिने भाग्यमानी युवतीले चाहिँ भारतीय पुरुषको श्रीमती बन्ने अवसर पाउँछन्, अभागी जति कोठीमा बेचिन्छन् र नारकीय जीवन बाँच्न बाध्य हुन्छन्।

अमेरिकी अखबार न्युयोर्क टाइम्सका स्तम्भकार रोस डोथाटका अनुसार 'गर्भमा रहेको शिशुको लिङ्ग पहिचान गर्ने विधि' हालसम्ममा १६ करोड गर्भस्थ महिलाले धर्ती देख्न नपाउनुको कारण बनेको छ। पछिल्लो दुई दशकमा मात्रै संसारमा ६ करोड स्त्री भ्रुणहत्या भएको उनको अनुमान छ, जसले नजन्मँदै सुरु हुने महिला हिंसाको पाटोलाई छर्लङ्ग पार्छ।

स्त्री भ्रुणहत्याको मामिलामा अशिक्षित र विपन्न परिवारभन्दा शिक्षित र धनी परिवार नै अगाडि रहेको तथ्याङ्कहरूले देखाउँछन्। भारतमा भ्रुणहत्या र शिशुहत्या दशकौंदेखि अधिकारवादी समूहको निगरानीमा रहे पनि अधिकांश ठाउँको अवस्था झन्झन् बिग्रँदै गएको राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको निर्क्योल छ। भारतमा समस्याको रूपमा खडा भइसकेको स्त्री भ्रुणहत्याको चलन एसियाका अन्य मुलुकमा पनि नभएकोचाहिँ होइन। भारतबाहेक चीन, कोरिया, भियतनामजस्ता एसियाली मुलुकमा व्यापक रहेको स्त्री भ्रुणहत्याको अभ्यास संयुक्त राज्य अमेरिकामा पनि सूक्ष्म रूपमा यदाकदा देख्न सकिने युनिभर्सिटी अफ टोरन्टोका सरुवा रोग तथा जनसङ्ख्याविज्ञ प्रभात झाको लान्सेटमा प्रकाशित अध्ययन प्रतिवेदनमा उल्लेख छ।

फेरि भारततिरै फर्किंदा लिङ्ग पहिचानपछि गरिने गर्भपतनले निम्त्याएको समस्या निराकरण गर्ने प्रयासमा गर्भधारणको जानकारी सरकारी निकायमा गराउनुपर्ने र गर्भपतन गराउन चाहे सरकारबाट अनुमति लिनुपर्ने प्रस्ताव हालसालै अघि सारिएको छ। प्रस्तावबारे महिला तथा बालविकासमन्त्री रेणुका चौधरीले भनेकी छिन्, 'यसले भ्रुणहत्या र बाल मृत्युदर दुवै नियन्त्रण गर्छ र ठूलो समस्याको रूपमा रहेको गर्भपतनतर्फको बाटो कठिन बनाउँछ।'

महाराष्ट्र सरकारले त गर्भस्थ शिशुको लिङ्ग पहिचान गर्ने गैरकानुनी चिकित्सकीय परीक्षणको खबर दिन सजिलो होस् भन्ने हेतुले सर्वसाधारणको पहुँच पुग्नेगरी नयाँ वेबसाइट नै सुरु गरेको छ। जसको उद्देश्य प्राप्त सूचनाहरू गोप्य रूपमा रेकर्ड गरी त्यस्ता घटना प्रभावकारी रूपमा पत्ता लगाउनु हो। वेबसाइट उद्घाटन समारोहलाई सम्बोधन गर्दा त्यहाँका मुख्यमन्त्री पृथ्वीराज चौहानले भनेका थिए, 'हामीले कारबाहीको त्रास सिर्जना गर्नुपर्छ। सजाय पनि कठोर हुनुपर्छ, अवैध काम गर्नेको लाइसेन्स खारेजीसम्म गर्न सक्नुपर्छ।' अहिलेदेखि नै सचेतता नअपनाए नेपालमा पनि यो समस्या नआउला भन्न सकिन्न।

*साभार : संचारिका फिचर सेवा*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौँ । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौँ । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौँ । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौँ ।


**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**



**सम्पर्क ठेगाना**

सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**